महालेखापरीक्षकको
वार्षिक लेखापरीक्षण प्रतिवेदन
२०७५

शिवपुरी गाउँपालिका
नुवाकोट

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं. ३५१

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
शिवपुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नुवाकोट ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

....
(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको सन्देश

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने ब्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone : 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्या: २०२
च.नं. २०२

मिति: २०७५।१२।११

श्री प्रमुखज्यू,
शिवपुरी गाउंपालिकाको कार्यालय,
नुवाकोट ।

विषय: लेखापरीक्षण प्रतिवेदन ।

यस कार्यालयबाट शिवपुरी गाउंपालिकाको कार्यालयको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

लेखापरीक्षकको जिम्मेवारी - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.४ करोड २२ लाख ५८ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२० लाख १६ हजार नियमित गर्नुपर्ने रु.१२ लाख ५० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.७४ लाख ९८ हजार र पेश्की रु.३ करोड १४ लाख ९४ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्वन्धमा मिति २०७५।६।६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया सहितको प्रमाण कागजात पेश हुनु नआएकोले बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना १३ यसै साथ संलग्न छ ।

कैफियत सहितको लेखापरीक्षण राय - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

२०७५।१२।१२

(सुवर्ण प्रसाद ढकाल)
नायव महालेखापरीक्षक

शिवपुरी गाउपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७४/७५

परिचय: स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने शिवपुरी गाउपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो गाउंपालीका अर्न्तगत ८ वडा रहेको ४३ सभा सदस्य १०१.५ व.की.मी.क्षेत्रफल २०७६९ जनसंख्या ३ नं. प्रदेशमा अवस्थित छ ।

स्थानीय संचितकोष : आर्थिक वर्ष २०७४।०७५ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

सि.नं.	आयतर्फ			सि.नं.	व्ययतर्फ	
	विवरण	रकम	रकम		विवरण	रकम
१	**गत वर्षको जिम्मेवारी**			१	**चालु खर्च**	१९,३७,०७७६४।
	क) नगद			२	**पूँजीगत खर्च**	११,२६११०९३।
	ख) बैंक	१,१५९३,५५०।५०		३	**वित्तीय व्यवस्था भुक्तानी**	
२	**राजस्व -आन्तरिक आय)**				क) ऋण भुक्तानी	
	क) आन्तरिक राजस्व	२२,९७,९६०।			ख) ब्याज भुक्तानी	
	ख) राजस्व बाँडफाँड				ग) अन्य भुक्तानी	३९५०३१४।५०
	ग) अन्य आय	१६,०३,२२३।५०		४	**लगानी**	
३	**वित्तीय हस्तान्तरण**				ऋण लगानी	
	क)वित्तीय समानीकरण अनुदान	१५,६०,००,०००।			शेयर लगानी	
	ख) सशर्त अनुदान	१७,०६,९९,५६७।			अन्य लगानी	
	ग) समपूरक अनुदान			५	**धरौटी फिर्ता**	
	घ) विशेष अनुदान			६	**कोष खर्च**	
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**			७	**मौज्दात**	
	क)वित्तीय समानीकरण अनुदान				क) नगद मौज्दात	
	ख) सशर्त अनुदान				ख) बैंक मौज्दात	३४२७२२२०।५०
	ग) समपूरक अनुदान					
	घ) विशेष अनुदान					
५	**अन्तर स्थानीय तहबाट प्राप्त**	७५,९२०१।				
६	**वित्तीय व्यवस्था प्राप्ति**					
	क) ऋण प्राप्ति					
	ख) साँवा प्राप्ति					
	ग) ब्याज प्राप्ति					
	घ) अन्य प्राप्ति					
६	**विभिन्न कोषतर्फको आय**					
८	**जनसहभागिता -नगद)**					
९	**विषयगत निकायबाट प्राप्त रकम**	१५,८७,८९०।				
१०	**धरौटी आय**					
११	**लगानीको साँवा फिर्ता**					
१२	**अन्य विविध आय**					
	जम्मा	३४,४५,४१३९२।			**जम्मा**	३४४५४१३९२।

बेरुजु दफा	लेखापरीक्षण बाट देखिएका व्यहोरा	रकम
१	**आन्तरीक नियन्त्रण प्रर्णाली:** स्थानीय सरकार सञ्चालन एने, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । प्रयोगमा ल्याइएका खाताहरु प्रमाणीत नभएको, जिम्मेवारी नतोकिएको र आन्तरीक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याएको देखिएन । मासीक खर्च चौमासीक खर्च सोही अनुसार फांटवारी तयार गर्नु पर्नेमा एकै पटक आषाढ महिनामा मात्र जोड जम्मा तथा फांटवारी तयार गर्ने गरेको कारण खर्च अनुपात यकिन नभएको र चालु खर्च तर्फको फांटवारी तयार नभएवाट चालु खर्चमा खर्च रकम यकिन गर्न सकिने अवस्था देखिएन । साथै माग गरीएका विभिन्न अनुसूची फारामहरु पेश नभएकोले अनुसूची सम्वन्धमा विश्लेषण गर्न सकिने अवस्था देखिएन । अत: ऐन नियम अनुसार आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनमा ल्याउनु पर्दछ । गाउंपालीका कार्यालयले देहाय अनुसार प्रतिवेदन तथा विवरण तयार गर्ने गरेको देखिएन । ऐन नियममा भएको व्यवस्थाको परिपालना गर्ने तर्फ सम्वन्धीत निकायको ध्यान जानु पर्ने देखिन्छ । (क) अन्तरिक लेखापरीक्षण नगरेको । (ख) योजना कार्यान्वयन तालीका निर्माण नगरेको (ग) करका लागि उपयुक्त लेखा प्रणाली राखेको छैन । (घ) घर नक्सा सम्वन्धी काम कारवाही गर्ने नगरेको । (ङ) सांकेतीकरण, लिलाम ,राफसाफ, प्रक्रिया पुरा गरेको छैन । (च) धरौटी खाताको आर्थिक विवरण, फांटवारी , अभिलेख आदीको व्यवस्था गरेको छ । तर यस वर्ष नभएको । (छ) वजेट तथा अख्तियारी कार्यकारी प्रमुख र वडा कार्यालय लाई दिने नगरेको । (ज) वार्षिक कार्यक्रम परिषद वाट स्वीकृत भै सकेपछि थप घट गर्ने संशोधन गर्ने कार्य गरेको । (झ) गाउंपालीकाले वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने गरेको छैन ।	
२	**लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गरेको देखिएन ।	
३	**श्रोत अनुमान तथा वजेट सिमा:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम गाउपालीकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरण, बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानूनी व्यवस्था रहेकोमा सो अनुसार पेश गरेको देखिएन ।	
४	**स्थानिय तथ्याकं र अभिलेख :** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम गाउपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । तथ्याङ्क बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ गाउपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।	
५	**घटी जिम्मेवारी-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ वमोजिम आय व्यय ठिक सँग भएको र लेखाकंन गरेको कुरामा विश्वस्त हुनुपर्ने र घटी जिम्मेवारी सार्न नहुने व्यवस्था छ । वैंक नगदी किताव अनुसार वित्तिय समानीकरण अनुदान तर्फ रु. १३,९३,०५,६३५। खर्च देखिन्छ भने फांटवारी र आर्थिक विवरण अनुसार १३,६८,११,५७१। खर्च भएको देखिन्छ । फरक रकम २४,९४,०६४। कन्टिन्जेन्सी रकम	

	वास्तविक भएको मूल्याकंनमा थप गरी वजेट खर्च जनाउने र पुन कन्टिन्जेन्सी खर्च शिर्षक वाट १८,८३,१७४। खर्च भएको जनाई दोहोरो खर्च लेख्ने गरेको देखिन्छ । यसरी वास्तविक खर्च भन्दा वढी वजेट खर्च जनाउंदा वैंक मौज्दात घटी हुन स्वत जाने हुंदा उक्त रकम हिनामिना भएको छैन भन्ने कुरामा विश्वस्त हुन सकिने अवस्था देखिएन । यसरी दोहोरो खर्च जनाएको रकम वैंक नगदी कितावमा हिसाव मिलान गरी अद्यावधिक गर्नु पर्दछ ।	
	(क) ससर्त अनुदान तर्फ २६०००। र वैंकमा वढी देखिएको भत्ता रु.९३९५। समेत रु.३५३९५। वेरुजु खातामा दाखिला गरी सो को वैंक भौचर पेश हुनु पर्ने रु.	३५३९५।
	(ख) कार्यालयले चालु खाताबाट जारी गरीएको चेक नं.००८७०३९५१५ मिति २०७४।६।४ रकम रु.१,०१,०८५। कार्यालयको खर्च घटाएको तथा भूक्तानी भएको तर वैंक स्टेटमेन्ट अनुसार सो रकम घटाएको नदेखिएकोले वैंक मौज्दात वढी रहेको हुंदा उक्त रकम हिसाव मिलान हुनु पर्ने रु	१०१०८५।
६	**चौमासिक खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नु पर्ने व्यवस्था छ । चौमासिक खर्च सम्वन्धी विवरण माग गरीएकोमा प्राप्त नभएकोले विश्लेषण गर्न सकिएन ।	
७	**एकीकृत विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्ष र आय व्ययको एकिकृत लेखा वनाई पेशगर्नुपर्ने व्यवस्था छ । कार्यालयले तयार गरेको एकिकृत आर्थिक विवरणमा सबै विषयगत क्षेत्रको कारोवार समेटिएको देखिएन । सवै कारोवार समेट्दा कार्यालयको वैंक मौज्दात रु.४६३९७९४४। हुने हुँदा सबै क्षेत्रमा रहेको बैंक मौज्दात समेत गाउंपालिकाले समेटी कारोबार गर्नु पर्दछ ।	
८	**वित्तीय जवाफदेहिता पालना -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । गाउँपालिकाले नियम विपरीत निम्न कार्य गरी वजेट विनियोजन तथा खर्च गरेको नियम विपरित देखिएका छन् । नियम अनुसार तोकएको शिर्षक वाट तोकिएको कार्यमा मात्र खर्च गर्नु पर्दछ ।	
(क)	**पाईप खरिद र पुर्ने कार्य फरक :** ४८६।२०७५।३।११ - कृषि पाईप सिचाई वोहोरे खोलाको लागी ४०।५० र ६३ एम एम को पाईप १६०० मीटर खरिद गरी रु.३२७४७४। को मूल्यको तथा कार्य सम्पन्न देखाई रु.३,००,०००। भूक्तानी खर्च लेखेको नापी मूल्याकंन अनुसार ९०० मिटर मात्र पाईप खन्ने पुर्ने कार्य गरेवाट वांकी ७०० मि.पाईपको मूल्य १५०,७४२। र सोको मु.अ.कर समेत १७०३३८। मौज्दात वांकी हुनु पर्ने देखिन्छ । उक्त पाईप मौज्दात वांकी नदेखाएको तथा कस्को जिम्मा रहेको हो सो को निर्माण कार्य भएको तथा कार्य सम्पन्न भएको प्रमाण पेश हुनु पर्ने रु.	१,७०,३३८।
(ख)	६४९।०७५।३।२७ - आर सि.सि. ह्यूम पाईप निर्माण कार्यको लागि रु.१८३,९,५२ ।को लागत स्टीमेट भै रु.१५११२४। को कार्य मूल्याकंन तथा कार्य सम्पन्न पेश भएकोमा १० प्रतिशत उपभोक्ताको अंश कट्टा गर्दा रु.१३,६०११। मात्र भूक्तानी खर्च लेख्नु पर्नेमा १७५०००। भूक्तानी खर्च लेखेको देखिन्छ । निर्माण कार्यको मूल्याकंन भन्दा वढी रु.३८९८८। अमर प्राथमिक विद्यालय मा मौज्दात राखेको पाईयो । यसरी मौज्दात राख्नलाई मात्र खरिद गर्ने र खरिद विल भन्दा वढी भूक्तानी गर्ने लाई जिम्मेवार वनाई असुल उपर गर्नु पर्ने रु.	३८,९८८।
(ग)	२८०।०७५।१।६ - श्रेष्ठ इनपुटको विल संलग्न गरी जागरुक कृषि सहकारी संस्थालाई विउ ग्रेडिङ्ग मेसिन खरिद अनुदान वापत रु.१०,००,०००। भूक्तानी खर्च लेखेकोमा उक्त संस्थालाई प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना	

	वाट समेत यस प्रकारको मेसिनहरु खरिद गर्न अनुदान सहयोग गरेको हुंदा दोहोरो खर्च हो होइन एकीन गर्न सकिएन। मेसिन खरिद अघि र पछि आर्थिक, सामाजिक रुपमा परेको प्रभाव अनुगमन मूल्याकंन समेत नभएकोले सो को प्रमाण पेश हुनु पर्ने देखिन्छ । स्वीकृत कार्यक्रम अनुसार गाउंपालीकाबाट भूक्तानी भएको अन्य निकायबाट उपलव्ध हुने थाहा नभएको कार्यालयको भनाई रहेको छ।	
९	**भ्रमण अभिलेख :** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरे पछि सम्वन्धित कार्यालयले अनुसूची ६ वमोजिमको ढांचामाा भ्रमण अभिलेख राख्नु पर्नेछ र भ्रमणमा खटाउने पदाधिकारीले विश्वस्नीय आधार र प्रमाण स्थापित गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था समेत गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको छ। कार्यालयले भ्रमण अभिलेख नराखेकोले नियमको पालना भएको पाइएन। कार्यालयले यसमा अविलम्व सुधार गर्नु पर्दछ।	
१०	**सञ्चित कोष :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ६३ अनुसार गाउँ पालिका वा नगरपालिकाको स्थानीय सञ्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सवै वाँकी रकम सम्वन्धित स्थानिय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि साविकका गाउँ विकास समिति र वडाहरुले आर्थिक वर्षको अन्त्यमा वांकि रहेको रकम सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले आदेशको पालना गरी उक्त रकम संचित कोषमा दाखिला गरिनु पर्दछ। गाउंपालिका कार्यालयले समेत पूंजिगत खाता र चालु खातामा रहेको रकम रु.३८०७२९८४। संचित कोष खातामा दाखिला नगरी सम्वन्धीत खातामा नै राखेको देखिन्छ।	
११	**स्रोत नक्सांकन :** थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जङ्गल तथा अन्य स्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साङ्कन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाइएन।	
१२	**दाखिला प्रमाण नभएको :** आर्थिक कार्यविधि ऐन, २०६३ को दफा २७ अनुसार सरकारी सम्पत्तीको संरक्षण गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक निर्माण वाट फर्निचर मेसनरी सामान लगायत अन्य सामान खरिद भएकोमा सम्वन्धीत संस्थाको खातामा उक्त सामान दाखिला तथा निर्माण कार्य सम्पन्न प्रतिवेदन र मूल्याकंन पेश नभएकोले सम्वन्धीत पदाधिकारीलाई जिम्मेवार वनाई सो को प्रमाण पेश हुनु पर्ने रु.	२५४१४६४।

भौं.नं., मिति	समितिको नाम	विवरण	भूक्तानी रकम	कैफियत
१४४।०७४।१२।६	मैदान प्राथमिक वि.	फर्निचर खरिद	१००,०००।	दराज,टेवल,कुर्सी
१५८।०७४।१२।६	महेन्द्र प्रा.वि.	मेसनरी सामान	२५,०००।	प्रिन्टर
२१८।०७४।१२।१९	कालिका वाल क्लव	मेसनरी सामान	५०,०००।	प्रोजेक्टर
२५४।०७५।१।५	खोलेखर्क नि.मा.वि.	फर्निचर खरिद	५०,०००।	
४११।०७५।२।२२	राम्चे प्रा.वि.	मसलन्द सहयोग	२५,०००।	
४६८।०७५।३।५	महेन्द्र उच्च मा.वि.	मेसनरी सामान	१,००,०००।	प्रोजेक्ट,कम्प्यूटर
४८०।०७५।३।८	महाकाली स्वा.चौं	फर्निचर खरिद	१,००,०००।	
३१३।०७५।१।२४	छापक्रियाशिल महिला संजाल	सिलाई मेसिन खरिद	१०६०००।	१२ वटा मेसिन खरिद
५७९।०७५।३।२४	वोलाङ्ग भूमे आधारभूत विद्यालय	शैक्षिक सामाग्री	१००,०००।	प्रोजेक्टर, मादल आदी
६६५।०७५।३।३१	तलाखु मेलमिलाप	मेसनरी समान	५०,०००।	जेनेटर खरिद

		केन्द्र				
	६३१।०७५।३।२७	महाकाली खानेपानै उ.स.	पाईप खरिद ३६८० मी.	१,६०,०००।		
	३३९।०७५।३।२७	२ वडामरी खा.पा.उ.स.	,, ,,	३,००,०००।		
	५९९।०७५।३।२५	कार्यालय	,, ५७०० मीं	४,८१,४६४।		
	६०३।०७५।३।२६	खानेपानी उपभोक्ता समिति	,, ५२५० मी.	२,५०,०००।		
	६०७।०७५।३।२६	विभिन्न आयोजना	,, ६७०० मि.	४००,०००।		
		विद्यार्थीहरुलाई	ड्रेस खरिद	१,००,०००।	सक्कल विल भरपाई पेस छैन ।	
	४४५।०७५।२।३१	रामायण छाप मा.वि.	वाल क्लव संचालन	१,००,०००।		
१३	**राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ ।					

१४ **पेश्की वांकी -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७८ बमोजिम आर्थिक वर्षको अन्त्यसम्ममा काम हुन नपाई केवल बजेट फ्रिज हुन नदिने उद्देश्यले मात्र पेश्की दिन नहुने उल्लेख छ । निम्नानुसार आर्थिक वर्षको अन्तमा पेश्की दिएको देखियो । आर्थिक वर्षको अन्तमा पेश्की दिने परिपाटीमा नियन्त्रण गरिनुका साथै नियमानुसार पेश्की फछ्र्यौट गर्नुपर्ने रु. ३१४९४,४००।

गो.भा.नं., मिति	संस्थाको नाम	रकम	शिर्षक
२०७४।९।१४	पञ्चकन्या आयल स्टोर छहरे	५०,०००।	चालु खर्च खाता
२०७५।२।२२	ख.महानराज ओली	३७,६४,४००।	सामाजिक सुरक्षा
,,	ना.सु.राजन फुयाल	३९,८१,२००।	,,
,,	ना.सु. भोलानाथ फुयाल	३८,१७,२००।	,,
२०७५।२।२४	ना.सु. ,, ,,	५३,६५,२००।	,,
,,	ना.सु.किसोर सिग्देल	२७,४०,४००।	
,,	ना.सु. उत्तम वस्नेत	१७६५,६००।	
,,	ना.सु. पदम वहादुर थापा	५९०४,८००।	
,,	,, ,,	४,६४,०००।	
२०७५।३।१	ना.सु. किशोर कुमार रसाईली	३५,४१,६००।	
	कूल जम्मा	३,१४,९४,४००।	

१५ **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार प्रशिक्षक भत्ता तथा भाडा रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ र १० प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने व्यवस्था छ । विभिन्न तालीम संचालन गरेवापत रु.१७५०००। को भुक्तानीमा नियमानुसार आयकर वापत १५ प्रतिशतले अग्रीम कर कट्टा गरी भुक्तानी दिनु पर्नेमा अग्रीम कर कट्टा नभएकोले रु.२२२५०। असूल गरी वेरुजु खातामा दाखिला हुनु पर्ने रु. २२२५०।

भौ.नं., मिति	संस्थाको नाम	भूक्तानी	करकट्टा गर्नु पर्ने	करकट्टा नभएको
१३६,०७४।१२।२६	छापक्रियासिल कृषि सहकारी समूह	गाडी रिजर्भ ८००००। ८०००।	८०००।	८०००।
३१३।०७५।१।२४	,, ,,	प्रशिक्षक भत्ता ६०,०००। ९०००।	९०००।	९,०००।
३९१,०७५।२।१७	,, ,,	,, ३५०००। ५२५०।	५२५०।	५२५०।
				२२,२५०।

१६ **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले

	तोकेका कार्य गरेको देखिएन । नियम अनुसार तोकेको काय) तोकिएको समय भित्र हुनु पर्दछ । आगे गैरे टोडके रोडको ग्रामीण सडक मर्मत तथा निर्माण कार्य गर्न उपभोक्ता समिति संग लागत अनुमान रु.२२,४८,५७७ को कार्य मूल्याकंन २२,८८५१७ को भौ.नं.३०५, मिति २०७४।१।२३ मा रु.२०,००,०००। भूक्तानी खर्च भएको नापी विल अध्ययन गर्दा चेनेज नं.२+२३० देखि २+१६० सम्म Track Widniing कार्य गरेको भनी १०८०० घ.मी.माटो काट्ने कार्य गरेकोमा पुन भौं.नं. ३०७।२०७५।१।७ को भौचर वाट सोही वाटोमा चेनेज नं. १+२३० देखी १+८३० सम्म माटो काट्ने कार्य गरेको भनी ३३०६.६० घ.मि.को रु.३,०९,८४४। भूक्तानी खर्च लेखेकोले एउटै चेनेजमा २ पटक माटो काटी पन्छाउने कार्य गरेको देखाई २८४१ घ.मि. दोहोरो काम देखाई प्रति घ.मि. रु.९३।७९ ले हुने रु.२,६६,४५७ असूल गरी वेरुजु खातामा दाखिला हुनु पर्ने रु.	२,६६,४५७
१७	**कल्याण कोष** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । स्थानीय तहले कर्मचारीलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । सभाको निर्णयानुसार भनि यो आर्थिक वर्षमा एकमुष्ठ रु.५०,०००। चालु खातावाट कर्मचारी कल्याण खातामा ल्याएको देखियो । ऐनको दफा अनुसार कल्याण कोषमा वजेट व्यवस्था गरी खर्च लेख्नु पर्दछ ।	
१८	**लक्षित समूह खर्च** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा नं १२ (७) अनुसार लक्षीत समुहको मागको आधारमा लक्षीत समुहको पूजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । कुनैपनि प्रकारका वितरणमूखि कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा गाउंपालीकाले कार्यक्रममा राखी खर्च गरेको देहायको कार्यक्रम कार्यविधिको परिपालना भएको देखीएन । यस्ता कार्यमा सुधार हुनु पर्दछ । सार्वजनिक निर्माणवाट कृषि भ्रमण ,तालिम, अन्य संघ संस्था लाई अनुदान दिएको सम्वन्धमा सम्वन्धीत पदाधिकारी लाई जिम्मेवार वनाई यस्ता कार्यमा सुधार हुनु पर्दछ ।	१२,५०,०००।

भौं.नं., मिति	संस्था व्यक्तिको नाम	विवरण	भूक्तानी रकम
१३६।०७४।१२।६	छाप क्रियाशिल महिला कृषि समूह	कृषि अवलोकन भ्रमण	१,००,०००।
१९०।०७४।१२।१३	क्रियाशिल महिला संचालन समूह	मुढा निर्माण तालीम	३,००,०००।
२८८।२०७५।१।१२	सिके होम स्टे	होम स्टे तालीम	१,००,०००।
३१३।०७५।१।२४	छाप क्रियाशिल महिला सन्जाल	सिलाई कटाई	३,००,०००।
३९९,०७५।२।१७	छाप क्रियाशिल महिला सन्जाल	सहकारी व्यवस्थापन तालीम	५०,०००।
६६३।०७५।३।३१	अ.हे.व. दिपेन्द्र प्रसाद मैनाली	अनुदान सहयोग पुष्ट्याई	५०,०००।
५८५।०७५।३।२५	अलैची तथा पाउलोमिङ्ग विरुवा विस्तार	विरुवा खरिद	१,५०,०००।
६२७।०७५।३।२०	पदम वहादुर थापा	कृषि तालीम, किटवक्स पिएथमिटर	१,५०,०००।
	वडा नं.४ शिफारीस छैन	वेमौसमी तरकारी खेती तालिम	१२,५०,०००।

(क)	सम्झौता मिति २०७४।१०।७ मा भएको इन्धनको विल मिति २०७४।८।२५ को राखी रु.१,९०,१७५। भ्याट विल राखी मु.अ.कर समेत भूक्तानी भएकोले सम्झौता मिति भन्दा पहिलाको विल अनुसार नपाउने मु.अ.कर ४७,८२९। असूल गर्नु पर्ने रु.	४७८२९।

१९	**सामाजिक सुरक्षा** :संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पंस. ०७४।०७५, चं नं. १०६४ मिति ०७५।३।३१ पत्रानुसार शसर्त अनुदानको रकम मध्ये खर्च नभई वाँकी रहेमा संघिय संचितकोमा फिर्ता गर्नुपर्ने व्यवस्था छ ।स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२(६) मा नेपाल सरकारवाट रकम खर्च नभई वाँकी रहेमा फ्रिज गर्ने प्रयोजनका लागि सम्वन्धित निकायमा फिर्ता पठाउनुपर्ने उल्लेख छ । गाउंपालिकाको कार्यालयले कूल ५१८५९०००। निकासा भएकोमा गाउंपालीकाले रु.५१८,५९०००। निकासा जनाएकोमा कोष तथा लेखा नियन्त्रक कार्यालयमा उक्त निकासा फिर्ता नभै गाउंपालीकाको कोष खातामा मौज्दात रहेकोमा लेखापरीक्षणको क्रममा ०७५।५।१५ मा रु.६५,८१,०००। वैंक दाखिला गरी निकासावाट खर्च रकम घटाएको देखिन्छ । सामाजिक सुरक्षा भत्ता वितरण कार्यको लागि प्रत्येक वर्ष नयां थप भएको मृत्यु भएको, वसाई सरी गएको आदी अभिलेख अद्यावधिक गरी सोही अनुसार निकासा माग गर्नु पर्नेमा सो अद्यावधिक नगरेको कारण आर्थिक वर्ष २०७५।७६ मा ३३८ जना को नाम भत्ता पाउने सूचीवाट हटाइएको देखिन्छ । तर आर्थिक वर्ष २०७४।७५ मा यसरी भत्ता नपाउनेहरुको नाम राखी रु.४०००। रु.८०००। को चौमासीक औषत हिसावले प्रतिव्यक्ति रु.१८,०००। ले हुने रु. ६०,८४,०००। वार्षिक रुपमा वढी व्ययभार पारेको देखिन्छ । यसरी नपाउने व्यक्तिको नाम अद्यावधिक नगरेको कारण निकासा खर्च भएको रकमको सम्वन्धमा सम्वन्धीत पदाधिकारीहरुलाई जिम्मेवार वनाई छानविन गरी वढी भूक्तानी यकिन भै वेरुजु खातामा दाखिला हुनु पर्दछ । प्राविधिक कारणवाट वडाको सूचीमा नाम थप भएको तर रकम वितरण नभएकोले थप व्ययभार नभएको कार्यालयको भनाई रहेको छ ।	
२०	सामाजिक सुरक्षा प्रथम चौमासीक भत्ता वितरण गर्न समुन्द्रा देवी वडा नं. ६, लाई रु.२५,८५,६००। पेश्की दिएकोमा सम्वन्धीत भत्ता पाउने व्यक्तिहरुलाई २५८५६००। वितरण गरेको भरपाई देखिएको र रु.४४००। वैंक दाखिला गरेको भौचर संलग्न रहेको हुंदा वांकी रु.१२०००। को भरपाई नदेखिएकोले असूल गर्नु पर्ने रु.	१२०००।
२१	**मुल्य अभिवृद्धि कर :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) बमोजिम उपभोक्ता समितिलाई निर्माण कार्य दिंदा उपनियमको खण्ड (ख) बमोजिमको लागत अनुमानमा रहेको मू.अ.कर अनुसार कट्टा गरेरमात्र भुक्तानी दिने व्यवस्था छ । यो वर्ष उपभोक्ता समितिलाई मू.अ.कर लाग्ने सामानको खरिदमा मुल्य अभिवृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान तयार गरेकोमा सोही बमोजिम प्राविधिक मूल्याङ्कन गर्दा मू.अ.कर समेत भुक्तानी भएकोमा केही योजनाको नमूना परीक्षणबाट कार्यालयले दिएको मू.अ.करभन्दा उपभोक्ता समितिले पेश गरेको कर वीजकमा मू.अ.कर घटी देखिएकोले उपभोक्ता समितिलाई मू.अ.कर वढी भुक्तानी भएकोले असुल हुनुपर्ने रु.	१०८८३७०।

भौं.नं., मिति	उपभोक्ता समितिको नाम	लागत अनुमान	मूल्याकंन रकम	डोर हांजिरनामा भ्याटविल रकम	असूल गर्नु पर्ने
१३८।०७४।१२।६	चापेखोला टायलघर मो.वा.	३३२३१२।	३३२३७९।	१९७६७९।	२५,६९८।
१४६।०७४।१२।६	लोकमार्ग शिवालय चापावोट मो.वा.	४,५४,७१९।	४५५४२५।	९१३९०।	११,८८०।
१६०।०७४।१२।७	कल्लेरी खनेखर्क वतासे मो.वा.	५९५३३५।	५९५५६५।	१८९५११।	२४,६३६।
१६४।०७४।१२।७	जामुनेचौर मनिभन्ज्याङ्ग ग्रा.मीण मो.वा.	५३६०९०।	५३६३९३।	११३८०७।	१४,७९४।
१६९।०७४।१२।७	कृष्ण मन्दिर तारेभिर घट्टदेवी मो.वा.	२७९५१९।	२७९५१९।	९९५१०।	१२९३६।

१७२।०७४।१२।७	हिल्चे सिताराम प्रा.वि मो.वा.	१००४४६२।	१००८४०१।	१७६४०६।	२२९३२।
१७८। ,, ,,	चिसापानी विनडांडा ,,	५५३८४९।	५६६,७६३।	९८७८८।	१२८४२
१९६। ,, १२।१८	चापावोट अदुवावारी कुम्मेश्वर ,,	२२६२५१।	२३३२९१।	८३००१।	१०७९०।
२०२।,, ,,	वास्कोटे साउनेडाडाटोल ,,	४४१११४।	४४१६८३।	१८७४३३।	२४३६६।
२०४। ,, ,,	फेदीगाउं ढुकुर फालने भिर ,,	२२२१६९।	२३३९५९।	७८५८४।	१०२१५
२०८। ,, ,,	उग्रेनटासी सम्मा गुम्वा घडेरी नि.	६६१६०६।	६६१७७५।	३८८२३५।	५०४७०।
२३४, ,, १२।२९	मजुवा हर्षे सडक ,,	६,५९,४२६	६६७२६०।	९२०१५।	११९६१।
२४०। ,, १२।२९	नर्सिङ्गडाडा दिगाम ग्रा.मो.वा.उ.स.	१६२९०८३	१६३१६५६।	१६३५४१।	२१२६०।
२४२। ,, १२।२९	कुण्डलीडही मुलावारी जानकी महेन्द्र ,,	१०७५७२४।	१०७६१०५।	४२१८४४।	५४८३९।
२४४।०७५।१।४	भल्छे मजुवाफेदी एकता स्कूल ,,	५४६१००।	५४७६११।	२०३०७६।	२६३९९।
२९६। ,, १।१२	ठुलापाटा पन्चटोल दलितवस्ती ,,	२२७७४७।	२२ढ५९०।	७९३००।	१०३०९।
२९८। ,, १।२३	लोकिल डाडा भिरखर्क ग्रा. ,,	५९२६१।	५९२६१५।	१९७५८७	२५६८६।
२२४।०७४।१२।२१	सेलच्याड०वा चापावोट मो.वा.उ.स.	३३२१७८।	३३२२८४।	८०२०८।	१०४२७।
३०५।०७५।१।२३	गैरे टोडके ग्रा.सडक मो.वाटो उ.स.	२२४८५७७।	२२८८५१७।	६८९७४२।	८९,६६६।
३१०। ,, १।२४	शिवालय विनडाडा भिरकुना सडक	९७७४४३।	९८९९६७।	२४७२६२।	३२१४४।
३५२। ,,२।८	खाल्चे दलित टोल	३७३६३१।	३७४०५३।	९२३४३।	१२,००४।
३५४। ,,२।८	देउराली फुस्रे दयाङ्गटोल	८९४१२३।	९०५०९६।	१००५५०।	११३०७१।
३७९। ,, २।१४	ग्रिनवेल्ट सडक निर्माण	१२९१३६२।	१३१३००३।	२००२४७।	२६०३२।
४६२। ,, ३।५	डाडाखेत छेउ पाण्डेटोल स.मर्मत	१११८४१५।	११२०४२७।	३९६११२।	५१४९४।
६७१। ,, ३।३१	सप्तकन्या सिकन्धरा सडक मर्मत	५६१६९१।	छ२७४८९।	९००७८।	११७१०।
					७१९५६४।

३५४। ,,२।८	सम्झौता मिति भन्दा पहिलाको मेसिनभाडा तथा इन्धन विल राखेको						२३८५४६।	३१०१०।	
३८७ ,,२।१६	,, ,, ,, इन्धन विल राखेको						१०८४८०।	१४१०२।	
३९७ ,,२।१७	९१	३५००	३५९९०३।	९१,	२१००।	२१५९४३	१४३९६०।	१८७१४।	
४२१।,, २।२४	२३८	३५००	९४१२९०	२३८	२१००	५६४७७४।	३७६५१६	४८९४७	
२२३। ,,२।३०	७६	३५००	३००५८०।	७६	२१००	१८०३४८।	१२०२३२।	१५६३०।	
४३१। ,,२।३०	५३	५०००	२९९४५०	५३	२१००	१२५७६९।	१७३६८१।	२२५७८।	
४३५। ,,२।३०	५५	५०००	३१०७५०।	५५	२१००	१३०५१५।	१८०२३५।	२३४३०।	
कूल जम्मा								११,७२१०५।	

२२

अनुपातिक कट्टी : सार्वजनिक खरिद नियमावली , २०६४को नियम ९७(४) मा उपभोक्ता समितिको योगदानभन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याँकन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत गराएको देहायका विभिन्न निर्माण कार्यको भुक्तानीमा आनुपातिक कट्टा नभई बढी भुक्तानी भएको रु.३६३९१२। असुल गरी संचित कोष दाखिला हुनुपर्ने रु. २७७५४४।

भौ.नं., मिति	उपभोक्ता समिति	ल.ई.	मूल्याकंन	भूक्तानी	नाफा उपभोक्ता अंश	वढी भूक्तानी
१६०।०७४।१२।७	कल्लेरी खनेखर्क वतासे मो.वा.	५९५३३५।	५९५५६५।	५५००००।	५३६००८।	१३९९१।
१६४। ,, १२।७	जामनेचौर भाने भन्ज्याड० ग्रा ,,	५३६०९०।	५३६३९३।	५०००००।	४८२७५३।	१७२४६।
२४२। ,, १२।२९	कुण्डलाडिहि जानकी महेन्द्र मो.वा.	१०७५७२४।	१०७६१०५।	१०००००।	९६८४९४।	३१५०५।
२९८। ,,१।२३	लोकिलाडाडा भिरखर्क ग्रा. ,,	५९२६१५।	५९२६१५।	५५००००।	५३३३५३।	१६६४४।
३५८। ,, २।९	४,५,६ वडा मरनघाट निर्माण	४७९८९३।	४८२२५७	४५००००।	४३४०३१।	१५९६८।
३७९।,, २।१४	ग्रीनवेल्ट सडक	१२९१३६२।	१३१२००३।	१२०००००।	११८०८०२।	१९१९७
४२१। ,, २।२४	पुडि भन्ज्याङ्ग देउराली	१९६०३१४।	१९६०५०७	१८०००००।	१७६४२८२।	३५७१७
४२३। ,, २।३०	वडा कार्यालय भवन खार्ने कार्य	५४११०२।	५४१४९०।	५००,०००।	४८७३४१।	१२५६९।
५८७ ,३।२५	शिवालय रोल्चे देउराली सडक	११३२१७५।	८८६०८४।	८१७०००।	७९७४७५।	१९५२४।
५१३। ,,३।१७	ठाडोखोला महेन्द्र मा.वि.हिले सडक	४३१७८४।	४३१९७०।	४०००००।	३८८७७३।	११२२७
६३३। ,, ३।२७	वीरेखोला महाभिर मुहान जलविरे खा.पा.	१०७१३९९।	१०८१०४०।	१००००००।	९७२९३६।	२७०६४।
३१८।०७५।१।२४	भ्यामलुङ्ग नेवारटोल गुम्चेखोला	५४९३३१।	५३६०९३।	५०००००।	४८२४८३।	१७५१६।
३८१। ,, २।२४	वोलोङ्गभूमे आधारभूत विद्यालय	६५११९०८।	४०१२३५।	३७२७००।	३६११११।	११५८८।
४७८। ,, ३।७	दोहोरेखोला घरखेत सिचाई	११०५८८।	८०७९६।	८२८३०।	७२७१६।	१०११३।
४४१। ,, २।३१	स्याउटे भूमी मा.वि.स्कूल घेरावार	८६९२५०।	८६९२५०।	८०००००।	७८२३२५।	१७६७५।

२३

सेवा करार - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(१) मा कार्यालय सुरक्षा, चिठ्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग करार गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ । त्यस्तै नियम ३ मा एक लाख रुपैयाँभन्दा बढी शुल्क लाग्ने सेवाको करार गर्नुपर्दा काठमाडौं उपत्यकाका कार्यालयहरु एवं केन्द्रीय स्तरका निकायले पन्ध्र दिनको सूचना राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन गरी प्रक्रियाबमोजिम करार सेवा लिनुपर्ने व्यवस्था छ । गाउंपालिकाले ०७४।०७५ को लागि भएको भनी ०७४ श्रावण देखि विभिन्न सम्झौता गरी गाउं परिषद बाट सिफारिस देहायका १० जना कर्मचारी नियुक्ती गरी खर्च लेखेको पाइयो । यसरी नियममा व्यवस्था भए अनुरुपको प्रक्रिया पूरा गरी सेवाका आधारमा विभिन्न मिति बाट लागू हुने गरी करार

	सेवामा नियुक्ति गरी यस आ.ब.मा रु.१५,००,०००। खर्च गरेको पाइएकोले खर्च नियमसम्मत् देखिएन ।अतः नियम अनुसार सेवा करार सम्झौता हुनु पर्दछ ।	
२४	**आर्थिक सहायता :** कार्यालयले आन्तरिक पूंजीगत खर्च शीर्षक तथा अन्य शीर्षकबाट खर्चको विल भरपाई राखि विभिन्न जनालाई रु.१,००,०००। र आपतकालीन आर्थिक सहायता पूंजीगत खर्च शिर्षकबाट ११ जनालाई रु.३,२०,०००। आर्थिक सहायता स्वरूप भुक्तानी गरेको छ। यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ।	
२५	**विद्युतिय लेखा :** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादात्म्यता तथा परिपूरकता मिलाउने व्यवस्था छ । गाउपालिकाले सो अनुसार कार्य गरेको छैन । अतः तोकिएअनुरुपको प्रक्रिया मिलाई कार्यक्रम तयार गर्नुपर्दछ ।	
२६	**सार्वजनिक परिक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । गाउंपालीकाले नियमानुसार सार्वजनिक परीक्षण गरी सार्वजनिक सुनुवाई गरेको प्रमाण पेश गरेको देखिएन ।	
२७	**योजना र कार्यान्वयन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ ।साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयारगरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । गाउंपालीकाले कतिपय कार्यक्रम खेलकूद , प्रर्दशन, सांस्कृतिक भ्रमण र अनुदान दिने जस्ता कार्यक्रम समेत पूंजीगत तर्फ खर्च गरेको पाईयो । उदाहरणको लागि कृषि अवलोकन भ्रमणमा रु.१,००,०००। र विदेश भ्रमण भारतको दार्जलिङ्गमा पूंजिगत वजेटबाट २,५०,०००। कन्टेन्जेन्सी खर्चवाट २,२३,१०३। समेत भ्रमण खर्च रुं ५,७३,१०८। गरेको देखिन्छ । यस्ता कार्यक्रममा नियन्त्रण हुनु पर्दछ ।	
२८	**सवारी साधन खरिद -** सवारी साधन खरिद गर्न अर्थ मन्त्रालयवाट सहमति लिनुपर्ने व्यवस्था छ । कार्यालयले गाडी खरीद रु.३६,५०,०००। भूक्तानी खर्च लेखेको छ । अर्थ मन्त्रालयको स्वीकृत लिएको प्रमाण पेश नभएकोले सम्वन्धीत कर्मचारीलाई जिम्मेवार वनाई सो को प्रमाण पेश हुनु पर्ने रु.	३६५०,०००।
२९	**करविजक :** ३८।०७४।१०।१२ - वडा नं.१ देविस्थान दिगाम ग्रामीण मोटरे वाटो निर्माण वापत उपभोक्ता अंश समेत १७२१६४१।३६ को कार्य सम्पन्न भएको देखियो । मेसिनद्धारा माटो काट्ने दर अनुसार विभिन्न माटो काट्ने काम को दर विस्लेषण गर्दा स्विकृत दर रेटमा मू.अ.कर समेत जोडी तयार गरेको देखियो । जस अनुसार रु.१५२३५७६। कामको १९८०६४। मू.अ.कर विजक संलग्न हुनु पर्नेमा रु.१३६६४७३। को रु. १७४६४१।४९ को मात्र विजक संलग्न भएकाले रु. २०४२२।५१ नपुग मू.अ.कर असूल गर्नु पर्ने रु.	२०४२२।५१
३०	**बढी भूक्तानी :** ४८।०७४।१०।१५ - ज्यामिरे नेवारपानी लामाटोल नयां सडक वडा नं.१ उपभोक्ता समितिलाई १०७११६५। मा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा निजले ८३०२७३।५७ को काम गरी सम्झौताको ७७।५१ काम गरेकोमा सो को आधारमा १० प्रतिशत उपभोक्ता अंश ८३०२७।३० घटाउंदा ७४७२४६।६७ मात्र भूक्तानी दिनुपर्नेमा ७७५१००। भूक्तानी दिएकोले उपभोक्ताको अंश कट्टा नगरी भूक्तानी रु.७४७२४६ २७८५४ असूल गर्नु पर्ने रु.	२७,८५४।
३१	**बढी भूक्तानी :**	

<table>
<tr><td></td><td>५६।०७४।१०।१८ - शिवालय वडा कार्यालय हुदै समुन्द्रा उ.मा.वि. सम्म मोटरवाटो उ.स.लाई रु.९५००००। भूक्तानी दिएकोमा उ.स.ले रु.१००४८८७।४३ को काम गर्नु पर्नेमा रु. ९१६९८३।९५ को मात्र निर्माण कार्य गरेकोले कार्यालयले निजलाई ९०६९९९। भूक्तानी दिएपछि वढि भूक्तानी भयो भनि रु.८७९६४। बैंक रोक्का राखेकोमा उक्त रकम हाल सम्म असूल भएको देखिएन । तसर्थ उक्त रकम असूल गरी राजश्व दाखिला गर्नु पर्ने रु.</td><td>८७९६४।</td></tr>
<tr><td>३२</td><td>६९।०७४।११।१६ - माथिल्लो छिरछिरे मुहान गरी सिलवाल टोल साहुटोल खा.पा. उ.स.लाई रु.१६४८७२। भूक्तानी दिदा उपभोक्ताले गर्नुपर्ने काम २१९३६४। को अनुपातमा ७२।६२ प्रतिशत मा रु.१५९२९५।२० को काम गरेको आधारमा रु.११५६८०।२९ भूक्तानी दिनुपर्नेमा ४३६१५।१७ वढी भूक्तानी दिएको असूल गर्नु पर्ने रुं</td><td>४३६१५।१७</td></tr>
<tr><td>३३</td><td>तालीम कार्यक्रम :

७८।०७४।१०।१९ - जन जागरण कृषि सिक्रेलाई मिति ०७४ पौष २४ देखि २८ गते सम्म १५ दिन वेमौसमी तरकारी खेती तालीम गर्न अध्यक्ष रामदेवी श्रेष्ठलाई रु. १०००००। भूक्तानी दिएको देखियो । उक्त प्रशिक्षणमा जम्मा ६८ जना सहभागी भएकोमा थप ५ जना संचालक र २ जना अन्य सहयोगी समेत वढीमा ७५ जनालाई खाजा खुवाउन सकिनेमा निम्न विल वाट देहायको संख्यामा खाजा , खाना खुवाएको सामान्य क्रेडिट विल भूक्तानी गरेकोले वढी संख्यामा खाजा, खाना खुवाउन पाउने नदेखिएको असूल गर्नु पर्ने रु.
<table>
<tr><th>मिति</th><th>किसिम</th><th>संख्या</th><th>दर</th><th>जम्मा</th><th>वढी संख्या</th><th>रकम</th></tr>
<tr><td>०७४।९।२९</td><td>खाजा</td><td>१२०</td><td>१००।</td><td>१२००।</td><td>४५</td><td>४५००।</td></tr>
<tr><td>०७४।९।२९</td><td>खाजा</td><td>१२०</td><td>१००।</td><td>१२०००</td><td>४५</td><td>४५००।</td></tr>
<tr><td>०७४।९।२९</td><td>खाजा</td><td>१००</td><td>१००।</td><td>१००००।</td><td>२५</td><td>२५००।</td></tr>
<tr><td>०७४।९।३०</td><td>खाना</td><td>२००</td><td>१५०।</td><td>३०,०००।</td><td>१२५</td><td>१८७५०।</td></tr>
<tr><td>०७४।९।३०</td><td>खाना</td><td>१५०</td><td>१५०।</td><td>२२५००।</td><td>७५</td><td>११५००।</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>८४५००।</td><td></td><td>४१,७५०।</td></tr>
</table>
उक्त प्रशिक्षण ५ दिन नै अध्यक्ष राधादेवी श्रेष्ठले दिएको उल्लेख गरेकोमा कक्षा रुटिन प्रशिक्षण प्रतिवेदन लगायत प्राप्त नभएकोले कक्षा लिने विषय विज्ञता खुल्ने कुनै प्रमाणपत्र समेत संलग्न रहेको नदेखिदा उक्त खर्च र उपलब्धि यथार्थ हो भनि यकिन गर्ने आधार भएन ।</td><td>४१७५०।</td></tr>
<tr><td>३४</td><td>बढी भूक्तानी :

३२।१०।८ (क) वडा नं.५ कुण्डला वछला हात्तिगौडा मूलवारी चौतरा सडक निर्माण उपभोक्ता समितिलाई रु.१५,००,०००। भूक्तानी गरेकोमा लागत अनुमाननै मू.अ.कर जोडी माटो काटि सडक निर्माण गर्ने कार्यको लागि रु.१२६७२२३। भूक्तानी दिएको देखियो । उक्त विलको मू.अ.कर १४५७८६। हुनेमा जम्मा रु.९१४७६०। को विल पेश गरी मु.अ.कर १०५२३०।८७ विल पेश गरेकोले रु.४०५४८।१२ वढी मु.अ.कर भूक्तानी असूल गर्नु पर्ने रु.</td><td>४०५४८।१२</td></tr>
<tr><td>३५</td><td>वित्तीय जवाफदेहिता मूल्याङ्कन : कार्यालयले बिभिन्न ऐन कानून एवं कार्यविधिमा भएको व्यबस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यबस्थापकीय, वित्तीय व्यबस्थापन, सेवा प्रवाह र खरिद व्यबस्थापन पक्षसँग सम्बन्धित बिभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्यांकनबाट कार्यालयको वित्तीय जवाफदेहिताको स्तरले "B" ग्रेडिङ्ग प्राप्त गरेको छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३६</td><td>बेरुजु - पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.२० लाख १६ हजार, अनियमित बेरुजू रु.१२ लाख ५० हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु.७४ लाख ९८ हजार र पेश्की बाँकी देखिएको रु.३ करोड १४ लाख ९४ हजार समेत रु. ४ करोड २२ लाख ५८ हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट/समायोजन भई रु. ० करोड ० लाख ० हजार फछ्र्यौट भई रु. ४ करोड २२ लाख ५८ हजार बेरुजू कायम भएको छ ।</td><td></td></tr>
</table>

३७ **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन । गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ :

गत वर्षको बेरुजू रकम (रु.) (A)	यो वर्ष फछ्र्यौट (B)	बाँकी (C= A-B)
७,७४,०००।	-	७७४०००।

३८ **अद्यावधिक बेरुजू स्थिति :** गाउंपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ :

गत वर्ष फछ्र्यौट गर्न बाँकी (रु.) ©	वर्षको सं प.बाट कायम बेरुजू रु. (D)	यो वर्षको कायम बेरुजू रु. (E)	बाँकी (F=C+D+E)
७,७४,०००।	-	४,२२,५८,२७३,८०	४,३०,३२,२७३।८०

अनुसूची- १

शिवपुरी गाउँपालिकाको बेरुजू बर्गीकरण
आर्थिक वर्ष २०७४।७५

(रु.हजारमा)

सि.नं.	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
			दफा संख्या			दफा संख्या			दफा संख्या				नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगती	रकम	सैदान्तिक	लगती	रकम	सैदान्तिक	लगती	रकम	अशुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	नुवाकेट	शिवपुरी गाउंपालिका	१९	२१	४२२५८	०	०	०	१९	२१	४२२५८	२०१६	१२५०	७४९८	०	०	१०७६४	३१४४४	५०	३१४९४

अनुसूची- २

स्थानीय तह सञ्चित कोष विवरण
आर्थिक वर्ष २०७४।७५

प्रदेश नम्बर :- ३

(रु.हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (१+५-९)
१	शिवपुरी गाउंपालिका	नुवाकेट	११५९४	१५६०००	१७०६९९	६२४८	३३२९४७	१९३७०८	११२६११	३९५०	३१०२६९	३४२७२